का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० मंसिर २०८०,
बुधबार
6 December 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २१, अंक ३०१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जातीय नरसंहारमा २४ जनालाई जन्मकैद

२०७७ साल जेठ १ मा जाजरकोटको रानागाउँका २१ वर्षीय नवराज बिक साथीसहित आफ्नी प्रेमिकासँग विवाहको कुरा गर्न रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ सोती पुगेका थिए । दलितले ठकुरीकी छोरीसँग विवाह गर्न लागेको भन्दै स्थानीयले लेखेटेर नवराजसहित ६ जनाको हत्या गरेका थिए ।



हामी सबैलाई बधाई । मंगलबार न्याय जितेको दिन । नवराज बिक लगायत ६ जनाको हत्यामा संलग्नलाई जन्मकैदको सजाय हुने फैसला ऐतिहासिक छ ।

■ **दिनेश त्रिपाठी**
अधिवक्ता



नवराज बिकको न्यायका लागि संघर्ष गर्ने सबै न्यायप्रेमीहरुमा नमन् ।

■ **सन्तोष परियार**
प्रमुख सचेतक, रास्वपा



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ मंसिर ।

तीन वर्ष अगाडि रुकुममा अन्तर जातीय विवाह गर्न खोज्दा नवराज विकसहित ६ जनाको हत्या भएको थियो । उक्त हत्यामा संलग्न रहेका २४ जनालाई जन्मकैदको फैसला भएको छ। जिल्ला अदालत रुकुम पश्चिमले साढे तीन वर्षअघि चौरजहारी नगरपालिका सोतीगाँउमा भएको नवराज विकसहित ६ जनाको हत्याको घटनामा २४ जनालाई जन्मकैदको सजाय सुनाएको हो ।

मंगलबार जिल्ला अदालतका न्यायाधीश खडकबहादुर केसीको इजलासले उक्त घटनामा क्रुरतापूर्वक हत्या गरेको, घाइतेको हकमा ज्यान मार्ने प्रयास गरेको, अपहरण गरी शरीर बन्धक बनाई हत्या गरेको र जातीय भेदभाव तथा छुवाछुत गरेको आरोपमा तत्कालिन वडाध्यक्ष डम्बरबहादुर मल्लसहित २४ जनालाई जन्मकैद हुने सुनाएको हो । जन्मकैद फैसलाअनुसार २५ वर्ष कैदमा बस्नुपर्छ ।

जिल्ला अदालतका सूचना अधिकारी गोविन्द प्रसाद कोइरालाका अनुसार थप तीनजनालाई जातीय छुवाछुटमा दुई वर्ष कैद र आठ जनालाई सफाइ दिइएको छ । जातीय छुवाछुतमा दोषी ठहर भइ दुई वर्ष जेल सजाय पाउनेमा युवतीकी आमासहित थप दुईजना छन् ।

०७७ साल जेठ १ जाजरकोटको रानागाउँका २१ वर्षीय नवराज बिक साथीसहित आफ्नी प्रेमिकासँग विवाहको कुरा गर्न रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ सोती पुगेका थिए । दलितले ठकुरीकी छोरीसँग विवाह गर्न लागेको भन्दै सोती गाउँका स्थानीयले नवराजसहित उनका साथीलाई लेखेटेर हत्या गरेका गरेका थिए । हत्यापछि शव भेरी नदीमा बगाइएको थियो । घटनामा ६ जनाको पृष्ठ २ मा

## एनसेल खरिद-बिक्री प्रकरण

# अनियमितता भएको सत्ता गठबन्धनको निष्कर्ष

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ मंसिर ।

एनसेल खरिद-बिक्रीका क्रममा अनियमितता भएको निष्कर्षमा सत्ता गठबन्धनमा आवद्ध दलहरु नै पुगेका छन्।

मंगलवार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनका शीर्ष नेताहरुको बैठकले एनसेल खरिदबिक्रीका विषयमा अनियमितता भएको निष्कर्षसहित सरकारले गहन अध्ययन र छानबिन गर्नुपर्ने सुझाएका छन् । नेताहरुका अनुसार बैठकले एनसेलको शेयर खरिद बिक्रीको कुरा गम्भीर रहेको र नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिएर बिक्री नभएको ठहर गरेको छ ।

बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले बैठकले नेपालको कानून बमोजिम नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिएर गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था अनुकुल खरिदबिक्री नभएको बताए । उनले शेयर खरिदबिक्रीको कुरा शंकास्पद रहेकाले सरकारले तत्काल छानबिन गर्नुपर्ने निस्कर्ष निस्किएको बताए ।



एनसेलबारे उठेका प्रश्नहरु जायज छन्, गम्भीर छन् । सरकारले छानबिन गर्छ ।

■ **रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस

मन्त्रिपरिषदबाट निर्णय लिनु अगाडि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यस विषयमा सत्तारुढ दलहरुसँग छलफल गरेका हुन्। प्रधानमन्त्री प्रचण्डसँगै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका राजेन्द्र श्रेष्ठ, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र मन्त्रीहरु सहभागी थिए ।

छलफलका क्रममा प्रधानमन्त्री प्रचण्डले एनसेलको सेयर खरिद-बिक्रीको विषयमा गम्भीर प्रश्नहरु उठेको बताएको कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले जानकारी दिए । प्रधानमन्त्री प्रचण्डको भनाइ उद्धृत गर्दै उनले भनेका छन्, 'उठेका प्रश्नहरु जायज छन्, गम्भीर छन्। सरकारले छानबिन गर्छ।'

बैठकपछि कांग्रेस सचेतक लेखकले एनसेलको सेयर खरिद-बिक्रीको विषयमा सरकारले अध्ययन गर्ने पृष्ठ २ मा

# रुसी सेनामा नेपाली पठाउने गिरोह नियन्त्रणमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ मंसिर ।

रुसी सेनामा नेपाली पठाउने गिरोहका सदस्यहरु पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार मंगलबार साँझसम्म नेपाली युवाहरुलाई अवैध रुपमा रुसी सेनामा भर्तीका लागि पठाउने गिरोहका १२ जना पक्राउ परेका छन् ।

उमहाराजगञ्ज, लैनचौर र ठमेल क्षेत्रबाट दिपेन परियार, क्षितिज गिरी, सुभाष लामा, मनिष न्यौपाने, रोजल महर्जन, हरि विश्वकर्मा र ईश्वरी अधिकारी पक्राउ परेका हुन् । यस्तै गोकर्ण अर्याल, सुजाता दाहाल, सन्तोष रोक्का, सन्तोष नेपाल र द्रोण डाँगी पनि पक्राउ परेका छन् ।

पक्राउ परेकाहरुले सामाजिक सञ्जालमार्फत विज्ञापन गरेर नेपाली युवालाई रोजगारीको प्रलोभन दिने गरेको बताइएको छ । गिरोहले नेपालीसँग रकम लिएर उनीहरुले भारतको नयाँ दिल्ली हुँदै रुससम्म लैजाने गरेको प्रहरी अधिकृतहरु बताउँछन् ।

नेपाली युवालाई भिजिट भिसामा रुस लैजाने र सेनामा भर्ती गराउन भूमिका खेल्ने गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

सरकारले भिजिट भिसामा रुस जानेलाई फर्काउन थालेको छ। रुसी सेनामा भर्ती भएका ६ जना मारिएको जानकारी आएपछि सरकारले सेनामा रहेका नेपालीहरुलाई तत्काल फिर्ता पठाउन रुसी सरकारलाई कूटनीतिक नोट पठाएको छ ।

मानव तस्कर समूहले रुस पठाउन प्रतिव्यक्ति १२ लाख रुपैयाँ असुल गर्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको बताइन्छ । सोमबार मात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रूसी सेनामा भर्ती हुन ५३ नेपाली दिल्ली हुँदै रुस गएको सूचना आफूसँग रहेको बताएका थिए ।

प्रहरीले प्रधानमन्त्री कार्यालयलाई मंगलबार रुस पठाउने समूह पक्राउबारे रिपोर्ट गरेका छन्। प्रहरीमा कुनै पनि पीडितले उजुरी नदिएका कारण उनीहरूमाथि अभद्र व्यवहारमा दर्ता गरी अनुसन्धान गरिरहेको छ । प्रहरी प्रधान कार्यालयले उनीहरूमाथि पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विदेशिएका युवालाई स्वदेश फर्कन आग्रह



काठमाडौं/रासस- राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले विदेशिएका युवालाई स्वदेश फर्कन आग्रह गरेका छन्। विदेशमा आर्जन गरेको ज्ञानलाई उपयोग गरी मुलुकलाई समृद्ध बनाउनका लागि स्वदेश फर्कन उनले आग्रह गरेका हुन्।

राष्ट्रिय बाल अधिकार परिषद्ले मंगलबार राजधानीमा आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष तिमिल्सिनाले देशमा केही छैन भन्नुभन्दा देशमा फर्केर केही गर्छु भन्ने सोच बनाउन आवश्यक रहेको बताए।

अध्यक्ष तिमिल्सिनाले देश बिग्रनुको दोष सबै नेतालाई दिन नहुने धारणा राखे ।

उनले भने, 'राजनीतिज्ञले देशमा बस्ने वातावरण नै बनाइदिएनन् भनेर झोला बेकेर हिँड्नुभन्दा अब युवाले मिलेर देश बनाउनमा लाग्नुपर्छ। युवा अवस्थामै देशको नेतृत्व गर्ने प्रधानमन्त्री भएर निस्किनुपर्छ। त्यसका लागि म सहयोग गर्न तयार छु।'

अध्यक्ष तिमिल्सिनाले आफ्नो खेत बाँझो राखेर विदेशमा मजदुरी गर्न जान नहुने पनि बताए। अब आउने चुनावमार्फत विकास गर्ने नेतालाई निर्वाचित गरी युवाले आफ्नो दायित्व निभाउनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले लगायतले सम्बोधन गरेका थिए ।

VISIT Malaysia
आन्तरिक तथा बाहिय हवाई टिकेट सस्तो र आकर्षक मुल्यमा
New Year Offer!!!
Get your eVISA at Rs.4500/Per Person
TOURIST / WORKING
Authorised by Government of Malaysia for Visa Processing
थप जानकारीको लागि QR Scan गर्नुहोस्
Get Your eVISA MALAYSIA For Malaysia
ARR Travel & Tour Private Limited
www.travelandtour.com.np
info@arrtravelandtour.com.np
Call or Whatsapp -9801362585, 9749465891
+977-5919349
Sinamangal-9,Sinamangal chowk, Kathmandu

WE'RE HIRING
VACANCY ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Recruitment Manager- 2 (M/F)
Salary: 25K to 50K
Recruitment PRO- 2 (M/F)
Specialist for Gulf and Cyprus Europe Division.
Salary: 15K to 25K
सम्बन्धित काममा २ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
SALARY Negotiable
9802338989|9851012988
Send us your CV: hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy Services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल.

Vacancy Annoucement
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
Front Desk Officer: (Male/ Female)
Good communication skill and well presentable
Public Relation Officer: (Male/Female)
Related same field and should have knowledge of UAE Kuwait, Qatar, Saudi Arab & other countries.
Salary attractive
Have knowledge of dofe system Pree approval final approval document scanning photoshop and maintaining excel sheet.
Send the cv on inquiry@pro@anjalioverseas.com.np
ANJALI Overseas Service Pvt. Ltd
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
014387207,9851012690/9801012690

मध्यान्ह
www.madhyanhadaily.com



# 'भूकम्प पीडित नागरिकको पीडालाई अनुभूति गर्न आएँ'

**जाजरकोट / मस**-नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जाजरकोट र रुकुमका भूकम्पपीडित नागरिकको पीडालाई अनुभूति गर्न आफू प्रभावित क्षेत्रमा आएको बताएका छन् ।

भूकम्प प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्न जाजरकोट र रुकुम पश्चिमको सिमानान रिम्ना पुगेका अध्यक्ष ओलीले पार्टी केन्द्रको निर्णयबाट भूकम्पपीडितका पीडा कम गर्न देशभरबाट स्वयम्सेवक खटाएको जानकारी दिए ।

पार्टीले शुरु गरेको 'झुलाघाट चिवाभञ्ज्याङ, समृद्धिका लागि संकल्प यात्रा'को छैटौं दिन सुर्खेतबाट भेरी कोरिडोर हुँदै जाजरकोट पुग्नुभएका अध्यक्ष ओलीसहित पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, युवराज ज्ञवाली, विष्णु पौडेल, सुरेन्द्र पाण्डे, रामबहादुर थापा, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, विष्णु रिमाल, सचिव पद्मा अर्यालगायतका स्थायी कमिटी, केन्द्रीय कमिटिका नेता सहभागी थिए ।



**रिम्नमा भूकम्प पुनः निर्माण फोटो प्रदर्शनी**

एमालेको केन्द्रीय विपद् व्यवस्थापन तथा स्वयम्सेवक विभागले जाजरकोटको रिम्नामा फोटो प्रदर्शनी गरेको छ ।

जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पले गरेको भौतिक संरचना क्षतिको खोज उद्धार र पुनःनिर्माणका लागि प्रभावित क्षेत्रमा विभागले एक दिने फोटो प्रदर्शनी गरेको हो ।

यही मंसिर १४ गते बैतडीको झुलाघाटबाट शुरु भएको 'झुलाघाट चिवा भञ्ज्याङ, समृद्धिका लागि संकल्प यात्रा'को छैटौं दिन एमाले अध्यक्ष ओली नेतृत्वको टोली भूकम्प प्रभावित क्षेत्रमा पुगेको अवरसमा विभागले कामका क्रममा खिचिएका तीन सय बढी फोटोको प्रदर्शनी गरेको विभागका संयोजक किरण पौडेलले जानकारी दिए ।

# यातायातका तत्कालीन कार्यालय प्रमुखसहित ५ जना जेल चलान

**विराटनगर / मस**-यातायात व्यवस्था कार्यालय (सवारी) कोशीका तत्कालीन प्रमुखसहित पाँच जना जेल चलान भएका छन् । राजस्व हिनामिना मुद्दामा विशेष अदालतबाट कैद निर्धारणपछि फरार रहेका तत्कालीन प्रमुख नयराज नेपालसहित पाँच जना मंगलबार जेल चलान भएका हुन् ।

फैसलापछि फरार भएका तत्कालीन कार्यालय प्रमुख नेपाल, लेखापाल मणिराज दाहाल, कुमारबहादुर कटुवाल, टीकाराम अधिकारी र देवराज नेपाललाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरी अदालतमा बुझाएको हो । मंगलबार पाँचै जनालाई कारागार चलान गरिएको जिल्ला अदालत मोरङले जनाएको छ ।

राजस्व हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यातायात व्यवस्था कार्यालय कोशीका कर्मचारीहरुविरुद्ध भ्रष्टाचार र राजस्व हिनामिना गरी दुई वटा मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा विशेष अदालतले ८ चैत २०७९ मा विशेष अदालत काठमाडौँले उनीहरुलाई दोषी ठहर गरेको थियो ।





दुई वटा मुद्दामा प्रतिवादी बनाइएका उपसचिव रमेश प्रसाद दाहाल, विष्णुप्रसाद पौडेल र नयराज नेपाल, होमनाथ भट्टराईसहित ११ जना दोषी ठहर भएका थिए ।

तत्कालीन कार्यालय प्रमुख नयराज नेपाललाई ८ वर्ष कैद र १२ करोड, ३५ लाख २९ हजार ३४२ रुपैयाँ जरिवाना, लेखापाल मणिराज दाहाललाई ७ बर्ष ११ महिना २३ दिन कैद र ४ करोड, ३४ लाख ५ हजार ५९४ जरिवाना भएको थियो ।

त्यस्तै कर्मचारी कुमारबहादुर कटुवाललाई ६ वर्ष कैद र १ करोड, १ लाख ६५ हजार ८१२ जरिवाना, टीकाराम अधिकारीलाई ९ वर्ष कैद र २८ करोड १५ लाख ९३ हजार ८८४ जरिवाना र देवराज नेपाललाई ८ वर्ष ६ महिना कैद र २२ करोड ४५ लाख २७ हजार ६७६ रुपैयाँ जरिवानाको फैसला भएको थियो ।

पक्राउ परेका पाँच जना फरार प्रतिवादीबाट ३९ वर्ष ५ महिना २३ दिन कैद र ६८ करोड ३२ लाख २२ हजार ३०८ जरिवाना असुल गर्नुपर्ने जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

यातायात व्यवस्था कार्यालय सवारी, कोशी इटहरीको आर्थिक वर्ष २०६९-०७० र २०७०-०७१ मा ८ करोड ९६ लाख १७ हजार ६२ रुपैयाँ राजस्व हिनामिना भएको थियो । त्यस्तै आर्थिक वर्ष २०७१-०७२, २०७२-०७३ र २०७३-०७४ फागुन मसान्तसम्म ६१ करोड २१ लाख २८ हजार ५५५ रुपैयाँ राजस्व हिनामिना भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

# चन्द्रपुरमा आजपाको अन्तरक्रिया



**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, १९ मंसिर

आम जनता पार्टीले रौतहटको उतरी भेग चन्द्रपुरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

सो अवसरमा विभिन्न पार्टी परित्याग गरी प्रवेश गर्नेहरुलाई अध्यक्ष प्रभु साहले स्वागत गरेका थिए । विशेष भेटघाट कार्यक्रम एवं पार्टी प्रवेश कार्यक्रममा जनमत पार्टीको वडाध्यक्ष प्रत्यासी बालकुमारी चौधरी, जसपाको वडाध्यक्ष प्रत्यासी बद्री प्रसाद यादव, रामप्रसाद साह तथा नेपाली कांग्रेसका नेवालाल साह, वुनिलाल बैठासहित दर्जनौं नेता एवं कार्यकर्ताहरुलाई पार्टीमा स्वागत गरिएको थियो । सम्पूर्ण नवप्रवेशी नेता एवं कार्यकर्ताहरुलाई पार्टी अध्यक्ष एवं रौतहट ३ बाट संघीय सांसद रहेका साहले स्वागत गर्दै पार्टीको संगठनलाई सुदृढ बनाउन शुभकामना दिएका थिए ।

**जातीय...**

ज्यान जाँदा १२ जना घाइते भएका थिए । नवराज विकसहित घटनामा उनका साथीहरु लोकेन्द्र सुनार, सन्दीप विश्वकर्मा, गणेश बुढा, टीकाराम सुनार र गोविन्द शाहीको हत्या भएको थियो । घटनामा संलग्न रहेको भन्दै ३४ जनालाई प्रतिवादी बनाउँदै रुकुम पश्चिम जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो । प्रतिवादीहरू विरुद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय छुवाछुतको कसुरमा सजाय मागदाबी गरिएको थियो । फैसलापछि अधिवक्ता दिनेश त्रिपाठीले सबैलाई बधाइ दिएका छन् । 'हामी सबैलाइ बधाई । आज न्याय जितेको दिन, रुकुममा नवराज बिक लगायत ६ जना बालकको जघन्य हत्याको अपराधमा सलग्न २४ जनालाइ रुकुम जिल्ला अदालतले भर्खरै जन्म कैदको सजाय हुने फैसला सुनाएको छ' उनले लेखेका छन् । यो मुद्दामा बहस गर्न त्रिपाठी पनि रुकुम पुगेका थिए ।

जन्मकैदको मुद्दामा सजाय पाउनेमा नवराजकी प्रेमिकाका बाबु, प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मोहन पुन, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, सविन पुन, एक नाबालक, डिल्ली मल्ल ठकुरी, तिलक चन्द, इन्द्रबहादुर ठकुरी, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ल रहेका छन् । विनोद मल्ल, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, धनराज राना, नविन घर्ती, भीम पुन, विराज पुन, बिष्णु मल्ल र रमित मगरलाई पनि जन्मकैदको सजाय सुनाइएको छ । उनीहरु हाल पुर्पक्षका लागि थुनामा नै छन् ।

नवराज विककी प्रेमिका, उनकी आमा र भाइले ज्यान मारेको आरोपबाट सफाइ पाएका छन् । तर जातीय छुवाछुतको आरोपमा दोषी ठहर भए । उनीहरुलाई जनही २ वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना गरिएको छ । यसअघि धरौटीमा छुटेकाहरुले ज्यान मारेको आरोपबाट सफाइ पाएका छन् । किशोरी, उनकी आमा र नाबालक भाइ भने जातीय छुवाछुतको आरोपमा मात्रै दोषी ठहर भएका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियार यायको जित भएको बताउँछन् । उनले भनेका छन्, 'नवराज बिकको न्यायका लागि संघर्ष गर्ने सबै न्यायप्रेमीहरूमा नमन ।'

**एनसेल...**

बताएका हुन् । 'सरकारले गम्भीरतापूर्वक छानबिन गर्छ । अध्ययन गर्छ । यसको गहिराइमा सरकार पुग्छ' उनले भनेका छन्, 'आवश्यक सम्पूर्ण कुरा सरकारले गर्छ ।' प्रमुख सचेतक लेखकका अनुसार एनसेल शेयर खरिदबिक्रीका बारेमा मन्त्रीपरिषद्ले निर्णय गर्नेछ । सरकारका निकायहरुले यसलाई गम्भीरतापूर्वक लिएर यसको गहिराइसम्म नै पुगेर छानबिन र अध्ययन गर्नेछन् ।

कांग्रेस महामन्त्री गगन थापा एनसेलको बिक्री प्रकरणमा प्रथम दृष्टिमै अर्बौंरुपैयाँ घोटाला भएको अनुमान लगाउन सकिने बताउँछन् । उक्त प्रकरणमा कानुनको उल्लंघन भएको वा नभएकोबारे सरकारले गहिरो छानबिन गर्नुपर्ने बताएका छन् । यो प्रकरणमा जतिसुकै प्रभावशाली व्यक्ति जोडिएको भए पनि त्यसबारे छानबिन गरेर कारबाहीको दायरामा ल्याउनुपर्ने उनको भनाइ छ । महामन्त्री थापाले एनसेल प्रकरणमा यदि नेपालकै कोही ठूलो नेताले चोर बाटोबाट कमाएको कालो धन घुमाएर फेरि नेपालमा लगानीको नाममा फर्काउने प्रयास भएको छ भने पनि त्यसबारे छानबिन गरेर दण्ड सजाय हुनुपर्ने बताए ।

हालै मलेसियाको कम्पनी आजियाटाले एनसेलको सेयर स्वामित्व गैरआवासीय नेपाली सतिशलाल आचार्यको कम्पनीलाई बिक्री गरेका थिए । एनसेलको शेयर बिक्रीबारे छलफल गर्न प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको बैठक पनि आह्वान भएको छ ।

समिति सचिव एकराम गिरिका अनुसार बुधबार दिउँसो २ बजेका लागि बैठक बस्ने तय भएको छ । एनसेलमा ८० प्रतिशत स्वामित्व रहेको विदेशी कम्पनीको शेयर बिक्रीका क्रममा कानुनी प्रक्रिया मिचिएको वा कर छली भएको हुनसक्ने भन्दै सार्वजनिक लेखा समितिले यसबारे छलफल गर्न लागेको हो । समिति सभापति श्रषिकेश पोखरेलका अनुसार एनसेलको शेयर बिक्री छानबिन नै गर्ने तयारीमा सार्वजनिक लेखा समिति छ । नियामक निकायबाट विवरणहरु मगाएर त्यसमाथि अध्ययन गर्न लागेको हो ।

यसअघि सार्वजनिक लेखा समितिले एनसेलको शेयर बिक्रीमा कर छली भएको आशंका गर्दै नियामक निकायहरुलाई पत्र लेखेको थियो । नेपाल दूरसञ्चार प्राधिकरण, कम्पनी रजिस्ट्रारको कार्यालय र आन्तरिक राजस्व विभागलाई लेखिएको पत्रमा विभिन्न ९ वटा प्रश्नहरु छन् । एनसेलको शेयर बिक्रीले सेवा प्रवाहमा कस्तो असर पर्छ ? राजस्व र आयकरमा कुनै असर हुन्छ कि हुँदैन ? हक हस्तान्तरणमा विधि मिचिएको हो कि होइन ? लगायतका प्रश्नहरु सोधिएको छ ।

**रुसी...**

अनुसन्धान गर्न प्रहरीको मानव बेचबिखन ब्यूरो, उपत्यका अपराध अनुसन्धान कार्यालय र काठमाडौं प्रहरी गरी तीनवटै निकायलाई निर्देशन दिएको छ ।


## SAUDI र UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAJA FOOD INDUSTRIES COMPANY — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०८/१९ — चलानी नं.: ६०२१०९९८ — LT. No.:295991

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Cleaner | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : ONE ADVANTAGE COMPANY FOR PROVIDING MEALS — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०८/१९ — चलानी नं.: ६०२११००२ — LT. No.: 295989

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 9 | 0 | स. काममा दक्ष | 1200 | ४२,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : TTE FACILITIES MANAGEMENT — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१९ — चलानी नं.: ६०२१०९९६ — LT. No.: 295968

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 120 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | ३८,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | female Cleaner | 0 | 80 | | 1099 | ३९,८२८ | | | | | | | |

४. कम्पनी : IN OUT CONTRACTS LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१९ — चलानी नं.: ६०२१०९९७ — LT. No.: 295969

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 60 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 15 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |
| 3. | Painter | 30 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |
| 4. | Steel Fixer | 10 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |
| 5. | Tile Polisher | 5 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |
| 6. | Welder | 5 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० मंसिर २७ गते (13 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029



## मलेसियामा रोजगार |

कम्पनी : AMBEST TECHNOLOGY SDN BHD
शहरः BAYAN LEPAS

पूर्व स्वीकृत मितिः २०८०/०४/२१ — चलानी नं.: ६०२०५६७९ — LT. No.: 290453 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर २७ गते (13 Dec 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Apollo Manpower Services Pvt. Ltd.
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९



## ZERO COST RECRUITMENT IN MALAYSIA !!!
## मलेशियामा शुन्य लागतको रोजगारी !!!

Free Visa, Free Air Ticket from Kathmandu to Malaysia, Free Bio-medical, Free Aakarshan's Service Charge, Free Transportation (from hometown to Kathmandu for departure), Free Lodging and Meals During Departure (if required).
निःशुल्क भिषा, निःशुल्क हवाई टिकट काठमाडौं देखि मलेशियासम्म, निःशुल्क स्वास्थ्य जाँच, आर्कषणले लिने सेवा शुल्क निःशुल्क, निःशुल्क यातायात (गृहनगरबाट काठमाडौ सम्मं उडानको लागि), निःशुल्क बास र खाना (उडानको समयमा यदि आवश्यक परेमा)।

**EMPLOYER'S INFORMATION(रोजगारदाताको विवरण):**
NAME: MICRON MEMORY MALAYSIA SDN. BHD.
(नामः माईक्रोन मेमोरी मलेसिया एसडिएन. बिएचडी.)
Address : Pulau Penang, Malaysia
(ठेगाना : पुलाउ, पेनाङ, मलेसिया)

**Pre-Approval Details (पुर्व-स्वीकृतिको विवरण):**

| Pre Approval Date: | 2023-12-01 | Consignment No.: | 60210858 | L.T. No.: | 295835 |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०८०-०८-१५ | चलानी नं.: | ६०२१०८५८ | एल टी नं.: | २९५८३५ |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker औद्योगिक कामदार | 400 | 100 | -Can speak, write, read and understand basic English -SLC/SEE pass -अंग्रेजी बोल्न लेख्न र पढ्न सक्ने -एसएलसी/एसईई पास भएको | 1600 | ४५,५२० | कम्पनीको नियम अनुसार As per the company rule | १२ घण्टा 12 Hours | ३.५ दिन 3.5 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | छ Yes | दुई वर्ष 2 Years |

| Domestic Medical Fees स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने | Overseas Medical Fees बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने | Foreign Employment Term Life insurance (Domestic) स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने | Foreign Employment insurance Premium (Overseas) रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Air Fare कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fees भिषा शुल्क कस्ले ब्यहार्ने | Visa Stamping Fees भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने | Pre- Departure Orientation Fees अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने | Welfare Fund Payment कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Social Security Fund Payment स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले ब्यहार्ने र कति लाग्ने | Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने |

**Pre-Screening Orientation (पूर्व- छनौट अभिमुखीकरण)**
December 6 to 14, 2023 at Kathmandu office. Only successful applicants will be moved to Pre-Interview stage. (मिति :- २०८० साल मंसिर २० देखी २८ सम्म । पूर्व छनौट अभिमुखीकरणमा समावेश भएका आवेदकहरुलाई मात्र पूर्व- अन्तर्वार्तामा सहभागी गराईनेछ ।)

**Pre-Interview (प्रि-अन्तर्वार्ता)**
December 16 to 18, 2023 at Kathmandu office. Only successful candidates will be moved to Final Interview stage. (मितिः- २०८० साल मंसिर ३०, पुस १ र २, गते कार्यालय परिसर काठमाडौंमा हुनेछ । प्रि अन्तर्वार्तामा सफल भएका आवेदकहरुलाई मात्र अन्तिम अन्तर्वार्तामा सहभागी गराईनेछ ।)

**Final Interview (अन्तिम अन्तर्वार्ता)**
December 20 to 22, 2023 at Kathmandu office.
(मिति :- २०८० साल पुस ४, ५, ६ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)

**Important Information (महत्वपूर्ण जानकारी):**

- Only candidates who have passed both Pre-Screening and Pre-Interview can attend Final Interview. (प्रि-स्क्रिनिङ र प्रि-अन्तर्वार्तामा उत्तीर्ण भएका उम्मेदवारहरू मात्र अन्तिम अन्तर्वार्तामा सहभागी हुन पाउने छन् ।)
- Nepal Government has a strict requirement that **no sub-agent** is to be used. Therefore, no middlemen or intermediary is allowed in our recruitment Process. All applicants must bring the following **original documents** to the Pre-Screening for identity / age verification (i) Nepali Citizenship card (or Existing Passport); (ii) School Leaving Certificate (SLC) / Secondary Education Examination (SEE). Please also bring a photocopy of these documents, and a passport-size photo of yourself (white background).
(नेपाल सरकारले कुनै पनि एजेन्ट वा सब-एजेन्टको प्रयोग कानूनी रुपले बन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलिया वा मध्यस्थकर्तालाई अनुमति दिईने छैन । सबै आवेदकहरूले परिचय/उमेर प्रमाणीकरणको लागि पूर्व-छनौटको क्रममा निम्न लिखित सक्कल कागजातहरु ल्याउनु पर्ने, जसमा १. नेपाली नागरिकता वा राहदानी (यदि पहिलेनै बनाएको भएमा) २. शैक्षिक प्रमाणपत्र (एसएलसी) / माध्यामिक शिक्षा परिक्षा (एसईई) । कृपया यी कागजातहरुको फोटोकपी, र आफ्नो पासपोर्ट साइजको फोटो (सेतो पृष्ठभूमि) भएको ल्याउनुहोला ।
- Factory Worker can be a) Production Operator b) Quality Operator c) Material Handler etc.
औधोगिक कामदार भनेको क) उत्पादक अपरेटर ख) गुणस्तर अपरेटर ग) सामाग्री ह्यान्डलर ईत्यादी पनि हुन सक्छ ।
- Aakarshan International Pvt. Ltd. does not have any branch office, agent or Mediator.
आकर्षण ईन्टरनेशनल प्रा.लि.को कुनै पनि शाखा कार्यालय, एजेन्ट वा मध्यस्थकर्ता नरहेको जानकारी गर्दछौं।
- Applicants are requested to submit their job application directly to Aakarshan **without using any intermediary**. Applicants, their relatives or family members are **not require to pay** any recruitment fees, bonds or deposits or make any gifts for their employment.
आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग विना सिधा आवेदन गर्न अनुरोध गर्दछौं । आवेदक, आवेदकको परिवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनै पनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि अनुबन्धित हुन पर्नेछैन् ।
- We request all applicants to review and understand the information on our commitment and compliance on **Zero Cost and Ethical Recruitment** in relation to this Employment, available at Aakarshan office premises, such as flex, banner, leaflet and notice.
आकर्षण ईन्टरनेशनल प्रा.लि.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागी गरिएको प्रतिबद्धता सम्बन्धी जानकारी मुलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हाताभित्र फ्लेक्स, व्यानर, पर्चा मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनहुन अनुरोध गर्दछौं ।
- Aakarshan International Pvt. Ltd. is an **equal employment opportunity** service provider. Selection is based on merit and capability. Our recruitment process is fair and transparent. We request that you not be tempted to follow anyone else's assurances and promises.
आकर्षण ईन्टरनेशनल प्रा.लि. समान अवसर प्रदायक सस्था हो र छनौट गर्दा तपाईको योग्यता र क्षमताको आधारमा गरिन्छ । त्यसैले हाम्रो रोजगारीको कार्य प्रकृया पूर्ण रुपमा पारदर्शी हुने भएकोले कसैको भनसुन, आश्वासन र प्रलोभनको पछि नलाग्न अनुरोध गर्दछौं ।

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):**
Information provided by the Department of Foreign Employment (DOFE) : बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारीः 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस बिज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला । .

**Grievance Reporting Alert (गुनासो दर्ता)**
If you observe or experience any types of unethical conduct, Please speak up or report an incident as below. You can also report anonymously.
यदि कुनै किसिमको अनैतिक गतिबिधिको महशुस गर्नु भएमा निम्न माध्यममा सम्पर्क गर्नुहोस । गुनासो दर्ता गर्दा आफ्नो परिचय गोप्य राख्न सक्नु हुनेछ ।
*Report to Aakarshan : Email at grievancereporting@aakarshannepal.org or making direct call, SMS via 9847757089
आकर्षणमा गुनासो दर्ता गर्न : grievancereporting@aakarshannepal.org मा इमेल गर्न सक्नु हुनेछ अथवा ९८४७७५७०८९ मा सिधा कल वा एस.एम.मेस गर्न सक्नुहुन्छ ।
*Report to Micron: www.micron.com, Nepal: 1-800-001-0106, Malaysia: +60(0)-1548770383.
माइक्रोनमा गुनासो दर्ता गर्न : www.micron.com नेपाल : १-८००-००१-०१०६, मलेसिया : + ६०(०)-१५४८७७०३८३ मा सम्पर्क गर्न सक्नुहुन्छ ।

AAKARSHAN INTERNATIONAL PVT. LTD.
(An ISO 9001:2015 certified company)
Aakarshan Building, Shambhu Marga, (Near Airport) Kathmandu
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306

# ‘संस्था बाहिर गएर कसैले चलखेल नगर्नू’




**काठमाडौं/मस-** नेपाल सेनाका प्रधानसेनापति प्रभुराम शर्माले संस्था बाहिर गएर कसैले चलखेल नगर्न निर्देशन दिएका छन् ।

मंगलबार कमान्डिङ अफिसर ओरिएन्टेसन कार्यक्रमका सहभागीहरूलाई सम्बोधन गर्दै प्रधानसेनापति शर्माले यस्तो निर्देशन दिएका हुन् । उनले शैक्षिक प्रमाणपत्र, नागरिकता जस्ता कागजातहरू सम्बन्धित निकायबाट एकिन गरेर मात्रै जंगी अड्डाले कारबाही अगाडि बढाउने गरेको बताए । विगतमा जाँचबुझ गर्ने क्रममा आफ्नो जिम्मेवारीमा परेका केही पदाधिकारीहरूको कागजात शंकास्पद देखिएकोले कारबाही गर्न सिफारिस गरेको उनको भनाइ छ ।

संस्थाले गरेको विधिसम्मत प्रक्रियाको जिम्मेवारी संस्थाले लिने तर व्यक्तिगत रुपमा गर्ने गल्तीको भागीदार स्वयं व्यक्ति नै हुने उनले बताए ।

नेपाली सेनामा सरुवा, बढुवा लगायत वृत्तिविकास सम्बन्धी कार्यहरूका क्रममा गुनासो वा उजुरी गर्ने वैधानिक निकायहरू रहेको र यसबारे सकलदर्जालाई जानकारी पनि भएको भन्दै संस्थाबाहिरबाट अमर्यादित क्रियाकलापको प्रयासमा संलग्न नहुन प्रधानसेनापतिले सचेत गराए ।

नेपाली सेना मुलुकको संविधान, विधि, पद्धति र उत्कृष्ट परम्पराहरूबाट निर्देशित रहेर दायित्व निर्वाहमा प्रतिवद्ध रहेको बताउँदै प्रधानसेनापति शर्माले व्यक्तिगत स्वार्थबाट प्रेरित भएर संस्थाको हित प्रतिकुलका क्रियाकलापमा संलग्न रहने प्रवृत्तिलाई अन्त गर्न आफू प्रतिवद्ध रहेको पनि उनले बताए । पछिल्लो समय सञ्चारमाध्यमको दुरुपयोग गर्दै नेपाली सेनाका कामकारबाहीहरू, यसको नियमित संचालन प्रक्रिया लगायतका विषयमा अनर्गल प्रचारबाजि भइरहेको भन्दै यसप्रति सचेत रहन पनि शर्माले निर्देशन दिए ।

प्रधान सेनापतिले आफ्नो र प्रधानमन्त्रीकोबीचमा गोप्य सम्झौता भएको, विशेष परिस्थितिमा भर्ना भई विशेष ढंगले पदोन्नति भएको र निर्धारित योग्यता नपुगेको व्यक्तिलाई प्रधानसेनापति बनाउन भूमिका तयार गरेको भनी आरोप लगाएको भन्दै खण्डन गरे । कुनै राजनीतिक दल विशेषलाई खुसी पार्ने गरी काम गरिदिएबापत राजदूत नियुक्तिमा जान लागेको जस्ता प्रचार गलत भएको बताए ।

कमान्डिङ अफिसर ओरिएन्टेसनका सहभागीहरूलाई नेपाली सेनाको कमान्ड भन्नु जागिर वा अधिकारको कुरा नभई सेवा भावका साथ अत्यन्त संवेदनशील भई निर्वाह गर्नुपर्ने उत्कृष्ट जिम्मेवारी भएको बताए। सेनाले गण तथा गुल्महरूको कमाण्ड गरिरहेका एवं निकट भविष्यमा कमाण्डमा नियुक्त हुन लागेका अधिकृतहरूका लागि कमान्डिङ अफिसर ओरिएन्टेसन सञ्चालन गरेको हो ।

सहभागीहरूलाई सम्बोधन गर्दै प्रधानसेनापति शर्माले अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रिय परिस्थितिको चर्चा गरे। त्यसले नेपालको राष्ट्रिय सुरक्षा लगायत राष्ट्रहितका विभिद क्षेत्रमा पारिरहेको र पार्न सक्ने असरहरूका बारेमा चर्चा गर्दै नेपाली सेनाको दायित्वका बारेमा जानकारी गराए। जंगी अड्डामा आयोजित कार्यक्रममा जंगी अड्डा र नजिकका निकायहरूमा कार्यरत रथीवृन्द तथा अधिकृतहरूको उपस्थिति थियो ।

# महिला स्वास्थ्य स्वयंसेविकालाई मोबाइल

**मध्यान्ह संवाददाता**
बझाङ, १९ मंसिर



बझाङको दुर्गाथली गाउँपालिकाका महिला स्वास्थ्य स्वयंसेविकालाई मोबाइल वितरण गरिएको छ ।

२० औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा मोबाइल सेट वितरण गरिएको हो ।

पालिकामा मंगलबार ‘स्वास्थ्य क्षेत्रमा दिगो विकास, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रयास’ भन्ने मुल नाराका साथ २० औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाइएको छ ।

बिरामी र महिला स्वास्थ्य स्वयंसेविकाबीच सूचना प्रवाहमा सहजता ल्याउन मोबाइल वितरण गरिएको पालिका स्वास्थ्य शाखाले जनाएको छ ।

महिला स्वयंसेविकालाई निर्धारण गरिएको भूमिकाको सबै डाटाहरू राख्नुपर्ने र अहिलेको युगमा सबै कुरा नोट गरेर मात्रै नहुन भएकोले तथा मोबाइल रेकर्ड गर्नुपर्ने, इमेल गर्नुपर्ने र फोटो भिडियोहरू राख्नुपर्ने भएकाले मोबाइल सेट वितरण गरिएको गाउँपालिकाका अध्यक्ष दिलबहादुर थापाले बताए ।

त्यस्तै पालिकाका ग्रामीण भेगमा मातृ शिशु मृत्युदर कम गर्न गर्भवती महिलाको सुरक्षित स्वास्थ्य जाँच गरी सुरक्षित सुत्केरी बनाउने उद्देश्यका साथ पालिकाभरका २७ महिला स्वास्थ्य स्वयंसेवीकालाई इन्टरनेट चल्ने मोबाइल सेट वितरण गरिएको गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत झलक बहादुर दौल्यालले बताए । गर्भवती महिलाको गर्भ जाँचमा थप टेवा पुऱ्याउनका लागि मातृ स्वास्थ्य सुरक्षा समन्वयका लागि मोबाइल स्वास्थ्य कार्यक्रम प्रभावकारी देखिएकाले मोबाइल सेट वितरण गरेको उनको भनाइ छ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत झलक बहादुर दौल्यालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष दिलबहादुर थापा, विशिष्ठ अतिथि उपाध्यक्ष जनक दौल्याल रहेका थिए। उक्त कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष दिलबहादुर थापाले महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक प्रोत्साहन स्वरुप ३ हजार ५ सय रुपैयाँ भत्ता दिइरहेको बताए ।

महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य क्षेत्रको पिल्लरको रुपमा रहेर काम गर्नुका साथै खोप पोषण पक्षमा काम गरेको र विगत लामो समयदेखि स्वास्थ्य क्षेत्रमा सुधारमा महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रोत्साहन स्वरुप उक्त रकम दिँदै आएको उनले बताए । महिला स्वयंसेविकालाई प्रोत्साहन स्वरुप ३ हजार ५ सय भत्ता दिने जिल्लाकै पहिलो दुर्गाथली गाउँपालिका बनेको छ ।

# लागुऔषधसहित एक जना पक्राउ

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १९ मंसिर

प्रहरीले लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा लहान ७ का २० वर्षीय अनिल कुमार दास रहेका छन् ।

भारत बिहारको धनुषी गाउँबाट नेपाल आउने क्रममा मंगलबार दिउँसो बा २५ प २३८३ नम्बरको मोटरसाइकलसहित उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । ठाडी प्रहरी इन्चार्ज तिलक कार्कीको कमाण्डमा खटिएको प्रहरीले चेकजाँच गर्ने क्रममा टीटी १०५ पीससहित उनलाई पक्राउ हो । पक्राउ परेका दासको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
## जिल्ला अस्पताल बैतडी
**दशरथचन्द नगरपालिका-०४, बैतडी, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८०/०८/२०**

यस जिल्ला अस्पताल बैतडीको आ.व.२०८०/०८१ का लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका जनशक्ति आवश्यक रहेको हुँदा करार सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपुर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र दरखास्त पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ । रीत नपुगी र म्याद नाघि आएको दरखास्त उपर कुनै कारवाहि हुनेछैन ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन | पद | तह | माग संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १. | BH/HR 080/081/01 | स्टाफ नर्स | पाचौं | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता नविकरण भएको । |
| २. | BH/HR 080/081/02 | फार्मेसी सहायक | पाचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता नविकरण भएको । |
| ३. | BH/HR 080/081/03 | ल्याब टेक्नेसियन | पाचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रयोगशाला विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता नविकरण भएको । |
| ४. | BH/HR 080/081/04 | मेडिकल रेकर्डर | पाचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र तथा गणित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता नविकरण भएको । |

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी र शैक्षिक योग्यताका प्रमाणपत्र, काम गरेको अनुभवको प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्नेछ ।
२. दरखास्त फाराम सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली र यस अस्पतालको वेवसाइटबाट डाउनलोड गरि भरेर जिल्ला अस्पताल बैतडीको प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।
३. उमेरको हद सहायकको हकमा १८ वर्ष पुरा गरि ४५ वर्ष ननाघेको ।
४. विदेशी संस्थामा अध्ययन गरेका उमेदवारले सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।
५. प्राप्त दरखास्तहरुको “करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड, २०७७ दोस्रो संशोधन” अनुसार छोटो सूचि (Short list) तयार गरि लिखित तथा अन्तरवार्ताबाट छनौट गरिनेछ । माथिल्लो योग्यतालाई प्राथमिकता दिइनेछ ।
६. दरखास्त दस्तुर सहायक पाचौंका लागि रु. ५०० को राजश्व खाता नं.१०००१००२०००१०००० मा जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ । कार्यालय कोड.३५००२७४०२७, शिर्षक नं. १४२२९
७. थप जानकारीका लागि सम्पर्क नं.०९५५२०१५१ वा ९८५८७७५०३१ वा ईमेल ठेगाना baitadihospital@sudurpashchim.gov.np र baitadidistricthospital@gmail.com मा सम्पर्क गर्नुहोला ।
८. दरखास्त दिने अन्तिम मिति २०८०/०८/२६ गते सम्म । सम्पर्क मिति २०८०/०८/२७ (**परीक्षा मिति र परीक्षा केन्द्र सम्पर्क मितिका दिन जानकारी गराइनेछ**)

**नि.मे.सु**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२०**

**एजुकेशन मास्टर्स प्रा.लि.** को मिति २०८०/०७/२२ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ईडीयू हब ग्लोबल चितवन प्रा.लि. (प्रा.लि. नं.: १६६०८९)** कायम गर्ने गरी मिति २०८०/०८/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२०**

**नेपाल राजधानी शुरक्षा प्रा.लि.** को मिति २०८०/०२/३० गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तरुण सर्भिसेज नेपाल प्रा.लि. (प्रा.लि. नं.: ६०७५५)** कायम गर्ने गरी मिति २०८०/०७/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **CEMIX READY MIX CONCRETE PRODUCTION CO. K.S.C** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८०/०४/१८ चलानी नं.:६०२०५६०३ LT. No.: 290310 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ७७,५८९ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Asst Diesel Mechanic | 2 | 0 | | 130 | ५६,०३७ | | | | | | | |
| 3. | Asst,hydraulic Mechanic | 1 | 0 | | 130 | ५६,०३७ | | | | | | | |
| 4. | Auto Electrician | 1 | 0 | | 150 | ६४,६५८ | | | | | | | |
| 5. | Concrete Batching Plant Operator | 4 | 0 | | 140 | ६०,३४७ | | | | | | | |
| 6. | Concrete Laboratory Technician | 5 | 0 | | 140 | ६०,३४७ | | | | | | | |
| 7. | Concrete Pump Operator | 2 | 0 | | 220 | ९४,८३१ | | | | | | | |
| 8. | Denter & Painter | 1 | 0 | | 130 | ५६,०३७ | | | | | | | |
| 9. | Diesal Mechanic | 2 | 0 | | 180 | ७७,५८९ | | | | | | | |
| 10. | Hydraulic Mechanic | 1 | 0 | | 160 | ६८,९६८ | | | | | | | |
| 11. | Industrial Electrician | 1 | 0 | | 130 | ५६,०३७ | | | | | | | |
| 12. | Office Tea Boy | 2 | 0 | | 100 | ४३,१०५ | | | | | | | |
| 13. | Skilled Labor | 7 | 0 | | 120 | ५१,७२६ | | | | | | | |
| 14. | Store Keeper | 2 | 0 | | 120 | ५१,७२६ | | | | | | | |
| 15. | Tire Man | 1 | 0 | | 120 | ५१,७२६ | | | | | | | |
| 16. | Truck Drivers | 25 | 0 | | 180 | ७७,५८९ | | | | | | | |
| 17. | Van/pickup Drivers | 2 | 0 | | 160 | ६८,९६८ | | | | | | | |
| 18. | Wachman | 2 | 0 | | 100 | ४३,१०५ | | | | | | | |
| 19 | Wheel Loader Operator | 2 | 0 | | 150 | ६४,६५८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २७ गते (13 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

